नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौँ

## प्रेस विज्ञप्ती-८७

### " सहकारीको रकम हिनामिना गर्ने कार्यमा संलग्न व्यक्तिहरु पक्राउ''

शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. केन्द्रीय कार्यालय, कौशलटार, भक्तपुर भई भक्तपुर जिल्ला भित्रका सहकारीका शाखा कार्यालयहरुमा निक्षेपकर्ता सदस्यहरुले उक्त संस्थामा बचत तथा मुद्दती खाता खोली जम्मा गरेको रकमको साँवा तथा ब्याज रकम बचत तथा मुद्दती खाताको अवधी पुगीसकेपछी खाताबाट रकम झिक्नको लागि पटक-पटक ताकेता गर्दा पनि फिर्ता नपाएकोले आफ्नो निक्षेप जोखिममा रहेको ठानी सम्बन्धीत संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई लामो समय देखि पटक पटक ध्यानाकर्षण गराउँदा समेत नियमानुसार पाउनु पर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराईदिने तर्फ आवश्यक पहल नगरेको तथा उक्त बचतकर्ताहरुको बचत रकम अपचलन गरि सहकारी संस्थाका संचालकहरुले सुनियोजित रुपमा आफु र आफनो परिवारको नाममा संचालित विभिन्न व्यवसायहरुमा **सहकारी ऐन, २०७४** र **सहकारी नियमावली, २०७५** को प्राबधान विपरित सहकारी संस्थाबाट कर्जा प्रवाह गराई सो रकमको साँवा ब्याज सहकारी संस्थामा नबुझाई तथा सहकारी संस्थाको लगानीमा संचालित विभिन्न व्यवसायहरुबाट प्राप्त हुनु पर्ने रकम समेत सहकारीको खातामा प्राप्त नगरि ठगी गरी रकम खाने पचाउने उद्देश्यले सहकारी संस्थाका सदस्यहरुलाई आर्कषक ब्याजको प्रलोभन देखाई / झुक्याई बचत, मुद्दती निक्षेप तथा शेयरमा समेत रकम जम्मा गर्न लगाई बचत गरेको रकम तथा मुद्दती खातमा रहेको रकमको भुक्तानी मिति नाघेपछि पनि फिर्ता नगरी उक्त निक्षेप रकम ठगी गरि सर्वसाधारणले जम्मा गरेको **रु. ३,१०,०७,५८३ (तिन करोड दश लाख सात हजार पाँच सय त्रियासी)** निक्षेप समेत हिनामिना गर्ने कार्यमा संलग्न रहेको भन्ने जाहेरीका आधारमा निम्न व्यक्तिहरुलाई मिति २०८०/०१/२७ गते काठमाडौंको विभिन्न स्थानहरुबाट पक्राउ गरि सम्मानित भक्तपुर जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान कार्य भैरहेको।

**पुनश्च**:- साथै उल्लेखित सहकारी संस्थाको विभिन्न जिल्लाहरुमा रहेका शाखाहरुबाट पिडित भएका निक्षेपकर्ताहरुले सम्बन्धित शाखा कार्यालयहरु रहेका जिल्ला प्रहरी कार्यालयहरुमा सम्पर्क गर्न हुन र भक्तपुर जिल्लाका जाहेरी दिन बाँकी पिडितहरुले यस ब्यूरोमा यथाशिघ्र जाहेरी दिनहुन समेत सुचित गरिएको छ।

### पक्राउ भएका व्यक्तिहरुको विवरण :



१) **नाम थर**:-गीता शर्मा
**वतन** :-जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. -३
**वर्ष**:- ४१
**निर्देशक**: शिखर अर्गनाइजेसन प्रा.लि. (शिवशिखर सहकारी संस्थाको मुख्य साझेदारी संस्था )

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो



२) **नाम थर:-** पुष्कर मल्ल

**वतन :-** जि.बझाङ, बाँझ गा.वि.स. वडा नं. ८ हाल जिल्ला काठमाडौं का.म.न.पा वडा नं. २९

**वर्ष:-** ३५

**पद:-** सदस्य

**प्रहरी उपरीक्षक**
**( संजय सिंह थापा)**
**प्रवक्ता एवंम सूचना अधिकारी**
**सम्पर्क नम्बर: ९८५१२८११५८**